# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड २भक्तपुर, बैशाख १९गते, २०७६ साल संख्या१३


**भाग१**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको चौथोनगर सभा २०७५ बाट पारित भएको तल लेखिएबमोजिमकोनिर्देशिका सर्वसाधारणको जानकारीको लागिप्रकाशनगरिएको छ ।

सम्वत् २०७५ सालको ऐन

**भक्तपुर नगरपालिका, शैक्षिक ऋण दिने सम्बन्धमाबनेको निर्देशिका, २०७५**

प्रस्तावनाः

भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायीबसोबास गर्ने जेहेन्दार तथाविपन्नविद्यार्थीहरुलाई शैक्षिक योग्यताको प्रमाणपत्र (एकेडेमिक सर्टिफिकेट) धितो राखेर सहुलियतब्याज दरमा ऋण दिई स्वदेशमै उच्चशिक्षाअध्ययनमानगरपालिकाको तर्फबाट सुविधादिने सम्बन्धमानिर्देशिकाबनाउन वाञ्छित भएको हुँदाभक्तपुर नगरपालिकाको चौथो नगर सभाबाट यो निर्देशिकापारित गरी लागू गरिएको छ ।

१. संक्षिप्तनाम र परिभाषा :

१.१. संक्षिप्तनामः यो निर्देशिकाको नाम 'भक्तपुर नगरपालिका, शैक्षिक ऋण दिने सम्बन्धमाबनेको निर्देशिका, २०७५' रहनेछ ।

१.२. 'शैक्षिक ऋण' भन्नाले यस निर्देशिकाको परिच्छेद २ बमोजिमदिइने शैक्षिक ऋणलाई सम्झनु पर्दछ ।

१.३. 'निर्देशिका' भन्नाले भक्तपुर नगरपालिका, शैक्षिक ऋण दिने समबन्धमाबनेको निर्देशिका, २०७५ लाई सम्झनु पर्छ ।

१.४. 'वडा कार्यालय' भन्नाले भक्तपुर नगरपालिकाअन्तर्गतको वडा समितिको कार्यालयलाई सम्झनु पर्दछ ।

१.५. 'विद्यार्थी' भन्नाले यस निर्देशिकाको प्रस्तावनामाउल्लेख गरे बमोजिमकाविद्यार्थीलाई सम्झनु पर्दछ ।

१.६. 'आर्थिक प्रशासनशाखा' भन्नाले भक्तपुर नगरपालिकाको आर्थिक प्रशासनशाखालाई सम्झनु पर्दछ ।

१.७. 'परिवार' भन्नाले विद्यार्थीको एकाघरमा बस्ने र एउटै भान्छा र छत मुनि बसेको परिवारका सदस्यहरुलाई सम्झनु पर्दछ ।

**२. शैक्षिक ऋण सम्बन्धीव्यवस्था :**

२.१. भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायीबसोबास गर्ने जेहेन्दार तथाविपन्नविद्यार्थीहरुलाई भक्तपुर नगरपालिकाले रु. ५,००,०००।- अक्षरेपीपाँचलाख रुपैयासम्म ऋण प्रदानगर्न सक्नेछ ।

२.२. ऋण मागगर्ने विद्यार्थीले अध्ययनगरिने विषय संकाय र शैक्षिक संस्था नेपाल सरकारको स्वीकृतिप्राप्तवा नेपाल सरकारद्वारा मान्यताप्राप्तहुनुपर्नेछ ।

२.३. यस निर्देशिकाअनुसार दिइने शैक्षिक ऋण एस.ई.ई. वा सो तहभन्दामाथिको शैक्षिकतहलाई मात्रदिइनेछ ।

**३. शैक्षिक ऋण मागगर्न आवश्यकप्रक्रियाहरु :**

३.१. ऋण मागगर्ने विद्यार्थीले अनुसुची १ बमोजिमको निवेदन वडा समितिमा पेश गरी सिफारिस लिनुपर्नेछ ।

३.२. माथि ३.१. बमोजिमनिवेदनप्राप्त भएपछि सम्बन्धित वडा समितिले अनुसूची २ बमोजिम शैक्षिक ऋणका लागिनगरपालिका समक्षसिफारिस गर्नेछ ।

३.३. माथि ३.२. बमोजिमको सिफारिस भई आएपछि सो सिफारिस समेत संलग्न गरी अनुसूची ३ बमोजिमनगरपालिकामानिवेदनदिनुपर्नेछ ।

३.४. माथि ३.३.बमोजिमनगरपालिकामानिवेदन दिएपछि प्रमुखले शैक्षिक ऋण स्वीकृत गर्न सक्नेछ ।

३.५. प्रमुखबाट ऋण स्वीकृत भएपछि भक्तपुर नगरपालिकाआर्थिक प्रशासन शाखाबाट ऋण रकमउपलब्ध गराइनेछ ।

**४. शैक्षिक ऋणको सिमा र शर्तहरु :**

४.१. यस निर्देशिकाबमोजिमउपलब्ध गराइने शैक्षिक ऋण रकमकोसिमा रु. ५,००,०००।- (अक्षरेपीपाँचलाख रुपैयाँ) सम्महुनेछ ।

४.२. शैक्षिक ऋणको वार्षिक ब्याजदर ६ प्रतिशतका दरले लिइनेछ ।

४.३. यस निर्देशिकाबमोजिमउपलब्ध गराइने शैक्षिक ऋण कुनै एक परिवारको एक जना सदस्यलाई मात्रउपलब्ध गराउन सकिने छ ।

४.४. स्वीकृति शैक्षिक ऋण रकम एक मुष्ट वाकिस्तामाउपलब्ध गराइनेछ । उपलब्ध गराइएको ऋण निवेदकले अध्ययनको क्रममा दुरुपयोग गरेको खण्डमा वाअन्यकार्यमाप्रयोग गरिएको खण्डमा बाँकी ऋण वाउपलब्ध गराउनु पर्ने ऋण रोक्का राखीदफा ५ बमोजिमकार्वाहीगरिनेछ ।

४.५. शैक्षिक ऋण प्रत्येक वडाबाट दशजनाविद्यार्थीलाई मात्रदिन सकिनेछ ।

**५. शैक्षिक ऋणको साँवाब्याज असुली :**

यस निर्देशिकाबमोजिम शैक्षिक ऋण लिएकाविद्यार्थीहरुले आफूले लिएको ऋण रकम देहायबमोजिमभक्तपुर नगरपालिकालाई चुक्तागर्नुपर्नेछ ।

क. शैक्षिककोर्षको अन्तिम परीक्षादिएको मितिले एक बर्ष भित्र ऋण रकमको न्यूनत्तम २५ प्रतिशत

ख. शैक्षिककोर्षको अन्तिम परीक्षादिएको मितिले दुई बर्ष भित्र ऋण रकमको न्यूनत्तम ५० प्रतिशत

ग. शैक्षिककोर्षको अन्तिम परीक्षादिएको मितिले तीनबर्ष भित्र ऋण रकमको न्यूनत्तम७५ प्रतिशत

घ. शैक्षिककोर्षको अन्तिम परीक्षादिएको मितिले चौथो बर्ष भित्र सबै ऋण रकमको शतप्रतिशत साावाब्याज ।

५.१. उपरोक्त समयावधिभित्र ऋणको सांवाब्याजनतिरेमातिर्न बुझाउनु पर्ने सांवाब्याजको ५ प्रतिशतहर्जना गरी विद्यार्थी र निजको साक्षी बसेकाएका परिवारका सदस्यलाई नगरपालिकाबाट प्रदानगरिने सेवाहरु बंन्चितगरिनेछ र सरकारी बााकी सरह असुलउपर गरिनेछ ।

६. यो निर्देशिका तुरुन्तलागू हुनेछ र यस निर्देशिकाबमोजिमभएका गरेकाकार्यमाविवादभएमाभक्तपुर नगरपालिका, नगर कार्यपालिकाको निर्णय अन्तिमहुनेछ ।

अनुसुची १

**शैक्षिक ऋण लिन वडा कार्यालयमा पेश गर्ने निवेदन**

मिति :....................

श्रीमान् वडा अध्यक्ष ज्यू,
भक्तपुर न.पा. ... नं. वडा कार्यालय
भक्तपुर ।

विषय : शैक्षिक ऋण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदकभक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ....... बस्ने श्री ......................................... को छोरा/छोरी/श्रीमती ................................. हाल ......................................... कलेज/विश्वविद्यालयमा .............................. विषयको ...................तहमाअध्ययनगरिरहेको हुँदाशैक्षिक ऋण दिने सम्बन्धमाबनेको निर्देशिका, २०७५ को दफा ३.१ अनुसार वडा कार्यालयको सिफारिसको लागि यो निवेदन पेश गरेको छु ।

क. निवेदकको नागरिकताको प्रतिलिपि,
ख. निवेदकको सक्कल शैक्षिक प्रमाण पत्र/लब्धाक्तपत्र/चारित्रिक प्रमाण पत्रको प्रतिलिपि
ग. परिवारका सदस्यहरुमध्ये कम्तीमादुई जनाको सहमतीपत्र र
घ. परिवारका सदस्यहरुको नागरिकताको प्रतिलिपि ।

निवेदक
नाम :
ठेगाना :
हस्ताक्षर :
सम्पर्क नं. :

अनुसुची २

## शैक्षिक ऋण लिनभक्तपुर नगरपालिकामा पेश गर्ने निवेदन

मिति :................

श्रीमान् प्रमुखज्यू,
भक्तपुर नगरपालिकाको कार्यालय
भक्तपुर नगरपालिका ।

विषय : शैक्षिक ऋण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा म निवेदकभक्तपुर जिल्ला,भक्तपुर नगरपालिका वडा नं. ..... बस्ने श्री .......................... को छोरा/छोरी/श्रीमती ............................ हाल.................................... कलेज/विश्वविद्यालयमा ............................ विषयको ......................तहमाअध्ययनगरिरहेको हुादाशैक्षिक ऋण दिने सम्बन्धमाबनेको निर्देशिका, २०७५ को दफा ३.१ अनुसार भक्तपुर नगरपालिकामा यो निवेदन पेश गरेको छु ।

क. निवेदकको नागरिकताको प्रतिलिपि,
ख. निवेदकको सक्कल शैक्षिक प्रमाण पत्र/लब्धाक्तपत्र/चारित्रिक प्रमाण पत्रको प्रतिलिपि
ग. परिवारका सदस्यहरुमध्ये कम्तीमादुई जनाको सहमतीपत्र र
घ. परिवारका सदस्यहरुको नागरिकताको प्रतिलिपि ।
ङ. सम्बन्धित वडा समितिको शैक्षिक ऋणको लागिसिफारिस गरिएको पत्र,

निवेदक
नाम :
ठेगाना :
हस्ताक्षर :
सम्पर्क नं. :

आज्ञाले
(यामलालअधिकारी)
प्रमुखप्रशासकीयअधिकृत

प्रमाणिकरण मिति : २०७५।१०।१५गते

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८